**२५. निर्देशिका, कार्यविधि, वा मापदण्ड बनाई लागु गर्न सक्ने:** नगरकार्यपालिकाले उद्योग दर्ता नियमन सम्बन्धी कामकारवाहीलाई सरल बनाउन आवस्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्नसक्नेछ ।

प्रमाणिकरण मितिः २०७६।०३।१२

आज्ञाले
ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत



परशुराम नगरप

# स्थानीय राजपत्र


## परशुराम नगरपालिकाबाट प्रकाशित

खण्डः २ संख्याः ०९ मितिः २०७६/०६/०८

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल


## भाग १

स्थानीय सरकार

### उद्योग व्यवसाय स्थापना तथा प्रवर्धन ऐन २०७६

**प्रस्तावना:** स्थानीय तहभित्रको औद्योगिक वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई नगरपालिकाको उत्पादकत्व र रोजगारीका अवसरमा अभिबृद्धि गर्न , स्थानीय तहमा उपलब्ध प्राकृतिक भौतिक मानवीय स्रोतको अधिकतम उपयोग गरी आयात, प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिदै औद्योगिक विकासको माध्यमबाट सवल, गतिसिल,

प्रतिस्पर्धि एवं उत्पादनमुखी अर्थब्यवस्था निर्माण गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ( १) बमोजिम परशुराम नगरपालिकाको चौथो नगर सभाले यो ऐन बनाएकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम 'उद्योग ब्यवसाय स्थापना तथा प्रवर्धन ऐन २०७६' रहेको छ ।

(२) यो ऐन परशुराम नगरसभाले पारित गरी स्थानीय राजपत्रमा प्रकासित भएको मिति देखि परशुराम नगरपालिका क्षेत्रभित्र प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) 'ऐन' भन्नाले 'उद्योग ब्यवसाय स्थापना तथा प्रवर्धन ऐन २०७६' लाई जनाउनेछ ।

(ख) 'मन्त्रालय' भन्नाले उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय तथा सुदुरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय समेतलाई जनाउनेछ ।





(क) लघु, घरेलु तथा साना उद्यम विकास कोष

(ख) जोखिम पूँजी कोष

(ग) प्रविधि विकास कोष

(घ) औद्योगिक लगानी संरक्षण तथा संबर्द्धन कोष

(ङ) रुग्ण उद्योग पुनर्स्थापना,पुनर्निमाण तथा व्यवस्थापन कोष

(च) महिला उद्यमशीलता विकास कोष

(२) उपदफा (१) मा उल्लेखित कोषमा जम्मा हुने रकम, त्यस्ता कोषको ब्यवस्थापन र सञ्चालन सम्बन्धी कार्यविधि र अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२२. अधिकार प्रत्यायोजनः** यस वोर्ड आफूलाई प्राप्त केही अधिकार आवस्यकतानुसार प्रमुख प्रशासकीय अधिकृत एवं शाखा प्रमुखलाई दिन सक्नेछ ।

**२३. बाधा अड्काउ फुकाउने अधिकारः** (१) यस ऐनको कार्यान्वयनका लागि कुनै बाधा अड्काउ परेमा नगरसभाको निर्णयानुसार वा नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकासन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) यो ऐन संघ सरकार र प्रदेश सरकारको उद्योग ऐन सँग बाँझीएमा बाँझीएको हदसम्म स्वतः खारेज हुनेछ ।

**२४. नियम बनाउने अधिकारः** यस ऐनलाई कार्यान्वयन गर्न नगरकार्यपालिकाले नियमावली बनाउन सक्नेछ ।



परशुराम नगरपालिका

(ख) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै वाधा, अड्काउ द्विविधा उत्पन्न भएमा त्यसको समाधानका लागि सहजिकरण गर्ने ।

(ग) स्थानीय तह भित्रको समग्र औद्योगिकीकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्य प्रणलकिो नियमित समीक्षा गरी त्यसमा आवस्यक सुधार गर्न कार्यपालिकालाई सिफारिस गर्ने ।

(घ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ५
## विविध

<u>१८. विशेष आर्थिक क्षेत्र सम्बन्धी व्यवस्थाः</u> स्थानीय तहले आफ्नो क्षेत्रभित्र विशेष आर्थिक क्षेत्र घोषणा गर्न सक्नेछ ।

<u>१९. औद्योगिक जनशक्तिः</u> उद्योगलाई आवस्यक जनशक्ति उपलब्ध भएसम्म नगरपालिका भित्रैको स्थानीय जनशक्ति प्रयोगको प्रयास गर्नुपर्नेछ ।

<u>२०. करार गरीउत्पादन गर्न सक्नेः</u> (१) प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिस्ठानले आपसमा करार वा उपकरार गरी बस्तु वा सेवाको उत्पादन गर्न सक्नेछ ।

<u>२१. कोष सम्बन्धी व्यवस्थाः</u> (१) स्थानीय तहले आफ्नो औद्योगिक विकास, प्रवर्धन तथा संरक्षणका लागि नीजि तथा सहकारी क्षेत्र समेतको सहभागीतामा आवस्यकता अनुसार देहायका कुनै वा सवै कोष खडा गर्न सक्नेछ :





(ग) 'अनुगमन समिति' भन्नाले प्रदेश, जिल्ला र नगर स्तरमा रहेको प्रचलित नियमानुसारको अनुगमन समितिलाई जनाउनेछ ।

(घ) 'कार्यदल' भन्नाले नगर प्रमुखको अध्यक्षतामा रहेको अनुसूची ५ बमोजिमको कार्यदललाई जनाउनेछ ।

(ङ) 'जिसस' भन्नाले जिल्ला समन्वय समितिको कार्यालय डडेल्धुरालाई जनाउनेछ ।

(च) 'नगरपालिका' भन्नाले परशुराम नगरपालिका डडेल्धुरालाई जनाउनेछ ।

(छ) 'उद्योग भन्नाले' भन्नाले दफा १५ बमोजिमको उद्योग सम्झनुपर्छ ।

(ज) 'घरेलु उद्योग' भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(झ) 'लघु उद्यम' भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(ञ) 'साना उद्योग' भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(ट) 'नगरप्रमुख' भन्नाले परशुराम नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपछ ।

(ठ) 'नगर उपप्रमुख' भन्नाले परशुराम नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपछ ।

(ड) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले परशुराम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

## परिच्छेद २
## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

**३. उद्योग दर्ता गराउनुपर्नेः** (१) कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योगले यस ऐन बमोजिम उद्योग दर्ता गराउनु पर्नेछैन ।

**४. उद्योग दर्ता गर्न निवेदन दिनुपर्नेः** (१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने ब्यक्तिले तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) निवेदन तथा स्वीकृति सम्बन्धी कागजातहरु प्रमाणीकिरण गर्दा विद्युतीय हस्ताक्षर समेत मान्य हुनेछ र यस्ता कागजातहरु विद्युतीय माध्यमबाट समेत प्रस्तुत गर्न सकिनेछ ।





(ङ) कृषि, पशु, सहकारी, स्वास्थ्य, शिक्षा शाखा प्रमुख सदस्य

(च) उद्योग वाणिज्य संघ अध्यक्ष सदस्य

(छ) वजार ब्यवस्थापन समिति अध्यक्ष सदस्य

(ज) होटेल ब्यवसायी संघ सदस्य

(झ) गै स स प्रतिनिधि सदस्य

(ञ) नगरकार्यपालिकाबाट मनोनित महिला दलित सहित ३ जान सदस्य

(ट) नगरप्रमुखबाट मनोनित उद्योग वाणिज्य क्षेत्रका विज्ञहरु मध्ये २ मनोनित सदस्य

(ठ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी सदस्य

(ड) उद्योग शाखा हेर्ने कर्मचारी सदस्य सचिव

(२) वोर्डले आवस्यक देखेमा विषयसँग सम्बन्धीत कुनै पनि स्वदेशी वा विदेशी विशेषज्ञलाई वोर्डको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

**१७. वोर्डको काम कर्तब्य र अधिकारः** यस ऐनमा उल्लिखित अन्य काम कर्तब्य र अधिकारका अतिरिक्त वोर्डको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण। अभिबृद्धि तथा औद्योगिकिकरण सम्बन्धी नीतिगत निर्णय गर्ने ।



परशुराम नगरपालिका

**(ख) घरेलु उद्योगः** देहायको अवस्था भएको उद्योग लाई घरेलु उद्योग मानिनेछ :

(१) परम्परागत सपि र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि कला तथा संस्कृतिमा आधारित

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाट सम्मको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेका उद्योगहरु

**(ग) साना उद्योगः** लघु उद्यम र घरेलु उद्योगबाहेकको दश करोड रुपैंया सम्म स्थिर पूँजी भएको उद्योग ।

## परिच्छेद ४
## स्थानीय उद्योग तथा लगानी वार्ड सम्बन्धी व्यवस्था

**१६. स्थानीय उद्योग तथा लगानी वोर्डको गठनः** (१) उद्योगको प्रवर्धन, स्थापना लगानी अभिबृद्धि, संरक्षण र विस्तार गरी औद्योगिकीरकणको गतिलाई तीब्रता दिने उदेश्यले सहजीकरण तथा समन्वय सहित आवस्यक नीतिगत निर्णय गर्न देहाय बमोजिमको स्थानीय उद्योग तथा लगानी प्रवर्द्धन वोर्ड गठन गरिएको छः

(क) नगर प्रमुख — संयोजक

(ख) नगर उपप्रमुख — सहसंयोजक

(ग) नगरकार्यपालिकाका सवै विकास समिति संयोजकहरु — सदस्य





(घ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट छ महिनाभित्र उद्योग दर्ता गर्न निवेदन दिन सकिनेछ ।

**५. उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्नेः** (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवस्यक विवरण तथा कागजात पुरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रकिया पुरा भएको देखिएमा निवेदन परेको पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने शाखाले निवेदनमा माग भए बमोजिम उद्योग दर्ता गरी तोकिएको बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ता गर्नको प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उद्योग दर्ता गरेपछि वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने भएमा सोगरेपछि मात्र उद्योग स्थापना, सञ्चालन, ब्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन जाँचबुझगर्दा थप विवरण वा कागजात माग्नुपर्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धीत निवेदकलाई त्यस्तो थप विवरण वा कागजात सात दिन भित्र पेस गर्न लगाउा सक्नेछ ।

(४) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनुपर्नेछ :

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति

(ख) उद्योगले ब्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नुपर्ने अवधि

(ग) उद्योगले पालन गर्नुपर्ने शर्तहरु

(घ) उद्योगको प्रकृति अनुसार तोकिएका अन्य शर्तहरु

(५) उपदफा (३) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पुरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ।

(६) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरुको पालना गर्नुपर्नेछ।

६. वातावरण प्रतिकुल असरको निराकरण गर्नुपर्नेः उद्योग सञ्चालनका कममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकुल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।



(खण्डः २ संख्याः ०९ मितिः २०७६/०६/०८



परशुराम नगरपालिका

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्वन्धित उद्योगको आफ्नो दायित्व फरफारक गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनुपर्नेछ।

## परिच्छेद ३
## उद्योगको वर्गिकरण तथा स्थिर पूँजी

**१५. उद्योगको वर्गीकरणः** (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः

(क) लघु उद्यमः देहायको अवस्था भएको उद्योगलाई लघु मानिनेछ :

(१) घरजग्गा बाहेक बढीमा पाँच लाख रुपैँया सम्म स्थिर पूँजी भएको रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा सलग्न रहेको,

(३) उद्यमी सहित बढीमा ९ जना सम्म कामदार रहेको,

(४) वार्षिक कारेवार पचास लाख रुपैंया भन्दा कम रहेको,

(५) ईन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा ईन्जिन, उपकरण वा मेसिन खपत हुने विद्युतीय उर्जा, ईन्जन वा अन्य तेल ईन्जिन क्षमता बीस किलोबाट वा सो भन्दा कम रहेको ।

परीक्षण गर्नुपर्ने भएमा सो समेत सम्पन्न गरी उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।

(खण्ड: २ संख्या: ०९ मिति: २०७६/०६/०८

**१२. विवरण उपलब्ध गराउनुपर्ने:** (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

**१३. उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने:** यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्यागीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोवार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई तोकिए बमोजिम दिनुपर्नेछ।

**१४. उद्योग दर्ता खारेज गर्न निवेदन दिन सकिने:** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सकिनेछ।

तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ।

(खण्ड: २ संख्या: ०९ मिति: २०७६/०६/०८

**७. व्यवासायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको जानकारी दिनुपर्ने:** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनुपर्नेछ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न नसकेकमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित अवधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अगाडी त्यस्तो अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(३) कुनै उद्योगले उपदफा (२) बमोजिमको अवधि भित्र निवेदन दिन नसकेको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित अवधि समाप्त भएको मितिले छ महिना भित्र त्यस्तो प्रमाणपत्रमा उल्लेखित अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिव देखिएमा उद्योग दर्ता गर्ने

निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ ।

तर उपदफा (२क) बमोजिम दिइएको निवेदनको हकमा उद्योग
(खण्ड: २ संख्या: ०९ मिति: २०७६/०६/०८
स्थापनाको लागि गनुपर्ने निर्माण लगायतका कामको प्रगति हेरी साना उद्योगको हकमा प्रति वर्ष २५०००। (पच्चीस हजार) अन्य उद्योगको हकमा तोकिए बमोजिम जरविाना लिई उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्ने अवधि बढाउन सकिनेछ।

(४) उपदफा (३) बमोजिम अवधि बढाईएमा बमोजिम अवधि बढाईएमा सम्बन्धीत उद्योगले सो अवधि भित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायीक उत्पादन वा कारोवार प्रारम्भ गनुपर्नेछ ।

**९ उजुरी गर्न सक्नेः** (१) उद्योग दर्ता गर्ने निकायले दफा ५ को उपदफा ५ बमोजिम उद्योग दर्ता गर्न अस्वीकृत गरेमा सो उपर चित्त नबुझ्ने निवेदकले त्यसको जानकारी पाएको तीस दिनभित्र न्यायिक समिति समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा न्यायिक समिति ले उजुरी उपर आवस्यक जाँचबुझ गरी उजुरी परेको मितिले तीस दिनभित्र सो सम्बन्धमा आवस्यक निर्णय गर्नेछ ।

**१० अनुगमनः** (१) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरुको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ ।

(खण्ड: २ संख्या: ०९ मिति: २०७६/०६/०८
(२) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धीत उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तब्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परमार्स गरी उद्योग दर्ता गर्ने निकाय वा कार्यालयकोले त्यस्तो उद्योगलाई आवस्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**११. उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्नेः** (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने निकाय समक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

परशुराम नगरपालिका

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा यस ऐन बमोजिम वातावणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय

परशुराम नगरपालिका